लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
**वन निर्देशनालय**
**डिभिजन वन कार्यालय** रोल्पा
लिवाङ, रोल्पा

प.सं.: २०८२/०८३ मिति : २०८२/११/२५
च.नं : ने.सं. : ११४६

**विषय : वन डढेलो नियन्त्रण दस्ता नियुक्ति सम्बन्धी सूचना।**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार समृद्धिका लागी वन कार्यक्रम (बजेट उपशिर्षकः३२९९११२१) अन्तर्गत वन डढेलो नियन्त्रणमा दस्ता परिचालन र डढेलो व्यवस्थापन परिचालन कार्यक्रम (क्र.सं. २.७.२५.१७९) कार्यान्वियनको लागी यस कार्यालयको कार्यक्षेत्रका रोल्पा जिल्लाका राष्ट्रिय वनक्षेत्रहरुमा गर्मी तथा सुख्खा मौसममा हुन सक्ने वन डढेलो नियन्त्रण तथा व्यवस्थापन गरी उत्सर्जन न्यूनीकरण गर्न केही संख्यामा वन डढेलो नियन्त्रण दस्ता नियुक्ति गर्नु पर्ने भएकोले ईच्छुक तथा तपसिलको मापदण्ड पुरा भएका व्यक्तिहरूले ७ (सात) दिन भित्र यस कार्यालयमा निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. दस्ता परिचालन हुने स्थानः रोल्पा जिल्लाका राष्ट्रिय वन क्षेत्रहरू ।
२. दस्ता परिचालन हुने समयावधीः २०८२ साल चैत्र महिना देखी जेठ मसान्तसम्म ।
३. नियुक्तिको लागी निवेदन पेश गर्ने व्यक्तिको उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
४.आवश्यक संख्याः ५ जना (आवश्यकता अनुसार थपघट हुन सक्ने) ।
५.प्राथमिकताः
   क. वन डढेलो नियन्त्रण सम्वन्धी कार्य अनुभव भएको ।
   ख. सुरक्षा निकायबाट अवकाश प्राप्त ।
   ग. निर्वाचन प्रहरीको अनुभव भएको ।
   घ. आदिवासी, दलित तथा सिमान्तकृत समुदायका व्यक्तिहरू ।
   ङ. वन संरक्षण तथा व्यवस्थापनको अनुभव तथा रूची भएका व्यक्तिहरू ।
६. मुख्य कार्यजिम्मेवारीहरूः
   क. वन क्षेत्रहरूमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापन तथा वन, वातावरण एवं जैविक विविधता संरक्षणको लागी परिचालन ।
   ख. कार्यालयको आवश्यकता अनुसार अन्य सुरक्षा तथा व्यवस्थापनमा सहयोग ।
७.छनौटको तरिकाः
   ✓ छोटो सूची तथा अन्तर्वाता ।
८. पेश गर्नु पर्ने कागजातहरूः
   ✓ नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपी, व्यक्तिगत विवरण तथा अनुभव र संलग्नता खुल्ने कागजात सहित कार्यालयमा भौतिक रूपमा उपस्थित भएर वा कार्यालयको ईमेल : **dforolpa12@gmail.com** मार्फत पनि निवेदन पेश गर्न सकिने छ ।
९.पारिश्रमिकः
   ✓ नेपाल सरकारको प्रचलित नियमानुसार

थप जानकारीको लागी : सूचना अधिकारीः ९८५७८७७०१८ मा सम्पर्क गर्न सकिने छ ।

२०८२/११/२८

वरिष्ठ वन अधिकृत